# आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

४२. राष्ट्रिय अर्थतन्त्रको परिदृश्य र अन्तर्राष्ट्रिय जगत्मा विकसित घटना क्रमहरूले नेपाली अर्थतन्त्रमा पार्न सक्ने प्रभाव समेतको विश्लेषणको आधारमा आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडानको निर्क्योल, आर्थिक उद्देश्यहरूको प्राथमिकीकरण र मौद्रिक उपकरणको चयन गरिएको छ। पारदर्शिता बढाउने उद्देश्यले वित्तीय तथा बाह्य क्षेत्रसम्बन्धी सुधारका वार्षिक कार्यक्रमलाई मौद्रिक नीतिमा समावेश गर्ने विगतको परम्परालाई आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिमा पनि निरन्तरता दिइएको छ। नेपाल सरकारले २०६५ असोज ३ गते सार्वजनिक गरेको बजेट वक्तव्यसँग तादाम्यता मिलाई आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तयार पारिएको छ।